# स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्धारा प्रकाशित

खण्डः २) संख्याः १) मितिः जेष्ठ २५ गते २०७५


भाग : १

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०७५ गाउँशिक्षा ऐन नं. १

**प्रस्तावना :** राष्ट्रिय विकासका लागि आवश्यक दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यशोधरा गाउँपालिकामा स्थापना भई सञ्चालन भैरहेका तथा स्थापना हुने विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ (२ ) ज बमोजिमका अधिकारहरु कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,“नेपालको संविधानको धारा २२६, अनुसूची ८” तथा “स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २०,२१ र १०२” ले दिएको अधिकार प्रयोग गरी यशोधरा गाउँ सभाबाट मिति २०७५ साल जेष्ठ २५ गते पारित भई यो यशोधरा गाउँपालिका, शिक्षा ऐन- २०७५ जारी गरिएको छ ।

**१ १.संक्षिप्त नामर प्रारम्भः-**

(क) यस ऐनको नाम “यशोधरा गाउँपालिका, शिक्षा ऐन- २०७५” रहेको छ ।

(ख) यो ऐन यशोधरा गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(ग) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-**

(क) “ऐन” भन्नाले यशोधरा गाउँपालिकाको शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(ख) “गाउँपालिका” भन्नाले यशोधरा गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ) “प्रारम्भिक बालशिक्षा” भन्नाले तीन वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिकबाल शिक्षासम्झनु पर्छ ।

(च) “प्राथमिक शिक्षा” भन्नाले कक्षा वाल विकास देखीकक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(छ) "निम्न माध्यमिक शिक्षा" भन्नाले कक्षा छ देखि कक्षा आठसम्म दिइने शिक्षा सम्भन्नु पर्छ।

(ज) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्भन्नुपर्छ ।

(झ) "परीक्षा समिति" भन्नाले दफा ४ बमोजिम गठन हुने परीक्ष संचालन तथा समन्वय समितिलाई सम्भन्नु पर्छ ।

(ञ) "गाउँ सभा" भन्नाले शुद्धोधनगाउँपालिकाको गाउँ सभालाई सम्भन्नुपर्छ ।

(ट) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वाअति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्भन्नु पर्छ ।

(ठ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्भन्नु पर्छ:-

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य विशेष क्षमता भएका वालवालीकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ड) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्भन्नु पर्छ ।

(ढ) "प्राविधिक तथा ब्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुकोसिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्मअध्यापन गराइने शिक्षालाई सम्भन्नु पर्छ ।

(ण) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउनेप्रकृतिको नेपाल सरकार र यशोधरा गाउपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय सम्भन्नुपर्छ ।

(त) "संस्थागत विद्यालय" भन्नाले निजी पहल र लगानीमा स्थापना गरिएका नेपाल सरकारबाटनियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्भन्नु पर्छ ।

(थ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्भन्नु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(द) "स्रोत व्यक्ति" भन्नाले मा.वि. स्थायी शिक्षक मध्येबाट छनौट भएको प्राविधिक शिक्षक सम्भन्नु पर्छ

(ध) "कर्मचारी" भन्नाले सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्यकर्मचारीसम्भन्नु पर्छ ।

(न) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा, कार्यविधि, निर्देशिकामा तोकिएकोवा तोकिए बमोजिम सम्भन्नु पर्छ ।

(ज) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेकोकुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायीस्वीकृतिलाई जनाउँछ ।

(फ) "स्वीकृति" भन्नाले तोकिएबमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार, गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ब) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयकोरूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(भ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिनेउद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्भन्नु पर्छ ।

(म) "सहकारी विद्यालय" भन्नाले कुनै सहकारी संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सहकारीका सदस्यहरुद्वारा सञ्चालित विद्यालय सम्भन्नु पर्छ ।

(य) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायीरूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटीइमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट

रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छर सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकैनामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(र) "तालिम केन्द्र"भन्नाले यस ऐन वमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ ।

(ल) "पुस्तकालय" भन्नाले नेपाल सरकार/गाउँपालिकाबाट अनुमति लिई संचालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ ।

(य) "शैक्षिक परामर्श केन्द्र" भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा यस गाउँपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई जनाउँछ ।

(स)"संघिय शिक्षा ऐन"भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन संझनु पर्दछ ।

(ष) "प्रादेशिक शिक्षा ऐन" भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन संझनु पर्दछ ।

(श) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ह) "शिक्षा अधिकृत" भन्नाले गाउँको शिक्षा शाखा प्रमुखलाई संझनु पर्दछ ।

(क्ष) "शिक्षा समिति" भन्नाले गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

(त्र)"शिक्षा शाखा" भन्नाले गाउँको शिक्षा विभाग संझनु पर्दछ ।

(ज्ञ)"अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको बाबु,आमा,बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा अभिभावक भनी जनिएको व्यक्तिलाई जनाउँछ ।

(कक) "नियुक्ति गर्ने अधिकारी" भन्नाले शिक्षक तथा कर्मचारी नियुक्ती गर्न तोकिएको अधिकारी सम्झनुपर्दछ ।

(कख) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

**३. विद्यालय खोल्न तथा कक्षा थप गर्न अनुमति लिनुपर्नेः-**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक/धार्मिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठीअन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिस सहितगाउँपालिका प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझगर्दा विद्यालय खोल्नअनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरीगाउँ शिक्षासमितिको निर्णयमा तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्तबन्देज पालन गरेकोदेखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदानगर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमाकम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका प्रमुखसमक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदनउपर आवश्यकजाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमामागबमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको निर्णयमा अनुमति तथास्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायकाविद्यालयलाईशैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सोभवनमा वा त्यस्तो जग्गामा भवन बनाईसञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गतविद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,
(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजीगुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,
(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिमको ढाचा र प्रचलित लेखाका सिद्धान्तका आधारमा अभिलेख खडा गरी मान्यताप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,
(घ) शैक्षिक निजी गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछिगुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिकशैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालयसञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठीअन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन् ।

(१०) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँगसम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तरनेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई पनि गाउँपालिकाले अनुमतिकालगि मनासिव देखेमा अनुमति दिन सक्नेछ ।यसरी सञ्चालित विद्यालयहरूलाई नेपाल सरकारले जुनसुकै बेला बन्द गर्न सक्नेछ ।यस प्रकारको विद्यालयलाई पनि यस दफाको १ र २ अनिवार्य हुनेछ ।

(११) प्राविधिक शिक्षा संचालन गर्ने विद्यालयको अनुमति तथा स्वीकृती संवन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(१२) सहकारी विद्यालयको अनुमति तथा स्वीकृती संवन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(१३) यस गाउँपालिकाक्षेत्रभित्र कुनै समुदायले सामुदायिक/धार्मिक वा नेपाली नागरिकले संस्थागत विद्यालयको कक्षा थपगर्न चाहेमा सम्बन्धित वडा शिक्षा समितिको सिफारिस सहित तोकिएको विवरण खुलाई गाउपालिका प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(१४) उपदफा (१३) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालयको कक्षा थप गर्न मनासीब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी शिक्षा समितिको निर्णय बमोजिम तोकिएको अधिकारीले अनुमतिदिनेछ ।

(१५) विद्यालय सञ्चालन तोकिए वमोजम हुनेछ ।

**४ परीक्षा सञ्चालन र समन्वयः-**

गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूको परीक्षा सञ्चालन र व्यवस्थापन गर्न तोकिए बमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ । परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**५. माध्यमिक शिक्षाको प्रकारः-**

माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षासञ्चालनसम्बन्धी व्यवस्थाः- :**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिकशिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. शिक्षाको माध्यमः-**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमाशिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ :-

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा तोकिएका अन्य कुनै भाषाको विषय अध्ययन गर्नसक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषाहुन सक्नेछ,

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

विद्यालयले नेपाल सरकार र यशोधरा गा.पा. ले तोकेको न्यूनतम मापदण्डअनुरूप सिकाइ उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ ।

**९. गाउँशिक्षा समितिः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामकोलागि देहाय बमोजिमको गाउँशिक्षा समिति रहनेछ :-

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिक ।अध्यक्षलेतोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) गाउँपालिका अध्यक्षले तोकेको गाउँसभाका सदस्यहरूमध्येबाट कम्तिमा एकजना महिला सहित दुई जना-सदस्य

(ङ) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट सामुदायिक र संस्थागत विद्यालयवाट एक/एक जना पर्ने गरीगाउँशिक्षा समितिले मनोनित गरेको दुई जना -सदस्य

(च) समाजसेवी वा शिक्षा प्रेमीहरूमध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेका कम्तीमा एकजना दलित तथा अल्पसंख्यक सहित दुईजना -सदस्य

(छ) शिक्षण पेशामा उच्च योगदान पुऱ्याएका सामुदायिक र संस्थागत विद्यालयको तर्फ बाट सम्बन्धित संगठनले तोकेकोशिक्षकहरूमध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको सामुदायिक र संस्थागत विद्यालयवाट एक/एक जना पर्ने गरी दुई जना -सदस्य

(ज) गाउँस्तरका नेपाल शिक्षक महासंघका प्रतिनिधी एक जना सदस्य - -सदस्य

(झ) स्रोत व्यक्ति -सदस्य

(ञ) शिक्षाअधिकृत -सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमाजुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघिमनासिब माफिकको स्पष्टीकरणको मौकावाट बञ्चित गरिने छैन ।

**१०. गाउँशिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-**

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति प्रदान गर्ने ।

(ग) तोकिएको मापदण्ड पुरा भएका विद्यालय सार्ने, गाभ्ने कार्यकालागि गाउँकार्यपालिकालाई सिफारिस गर्ने,

(घ) विद्यालयको लागि आवश्यक साधनश्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(ङ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने,

(च) गाउँ शिक्षा समितिबाट सिफारिस भई आएका तीन जना सूचीकृत लेखा परिक्षकहरु मध्येवाट लेखा परीक्षकको नियुक्ति गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, र सचेत गराउने

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(झ) विद्यालयहरूको सामाजिक परीक्षण गर्ने गराउने,

(ञ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ट) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने/गराउने,

(ठ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ड) शैक्षिक संस्थासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई आवश्यक प्रोत्साहन,दण्ड, सजायसम्बन्धी कार्य गर्ने गराउने,

(ढ) अस्थायी,करार र राहतशिक्षकहरूको छनौटकोलागि विशेषज्ञहरूको छनौट गरेर सूची प्रकाशन गर्ने,

(ण) गाउँपालिकाभित्र स्थापना भएका पुस्तकालय, वाचनालय र सिकाइ केन्द्रको संवर्धन, संरक्षण तथा अनुमति प्रदान गर्ने,

(त)गाउँ क्षेत्रभित्र अनुमति प्राप्त गरी संचालन भएका शैक्षिक परामर्श केन्द्र,विभिन्न प्रकारका कोचिङ सेन्टर आदिको अनुगमन तथा निरीक्षण,नियमन गर्ने ।अनुमति माग भएमा तोकिएको पूर्वाधार पुगेका संस्थाहरूलाई अनुमति प्रदान गर्ने,

(थ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, संचालन, अनुमती, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी कार्य गर्ने गराउने,

(द) शिक्षण सिकाई, शिक्षक, कर्मचारी र अभिभावककोतालिम तथा क्षमता विकास सम्बन्धी कार्य गर्ने गराउने,

(ध) वडा शिक्षा समितिबाट सिफारिस सहित आएका विद्यालयको शैक्षिक गुणस्तर एवं भौतिक पूर्वाधार विकासको गुरुयोजना स्वीकृत गरी लागु गर्ने गराउने ।

(न) विद्यालयका शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई तालिमको व्यवस्था गर्न सक्नेछ ।

(प) तोकिए वमोजिमका अन्य कार्यहरू गर्ने ।

**११. गाउँकार्यपालिकाको काम, कर्तव्य र अधिकारः-**

१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँकार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न शिक्षा समिति, प्रमुख प्रशासकिय अधिकृत तथा स्थानीय शिक्षा अधिकृत अधिकृत लाई आवश्यक निर्देशन दिने,

(ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,

(ग) शिक्षक सरुवाको मापदण्ड वनाई गाउँपालिकाको तहमा एक रुपता रहने गरी शिक्षक विद्यार्थी अनुपात मिलाउने, गुणस्तर कायमगर्ने, आचार संहिता बनाई लागु गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने ,

(ङ) प्रदेश तथा संघको कानुन वमोजिम हुने शिक्षा सम्वन्धि विषयहरुको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने निर्देशन दिने ,

(च) प्रत्येक ६ महिनामा गाउँपालिका भित्रका सबै किसिमका विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन गरी गराई अपेक्षित ग'णस्तर कायम गर्ने,

(छ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागू गर्ने, गराउने,

(ज) यस नियमावलीको परिधि भित्र आवश्यक क्षेत्रहरुको मापदण्ड वनाउने,

(झ) शिक्षालाई व्यवहारिक, उद्यमशिल र रोजगारउन्मुख बनाउने नीति अवलम्बन गर्ने ,

(ञ) शिक्षा सम्बन्धी कानून निर्माणको लागी गाउँसभामा पेस गर्ने ।

(२) उपनियम (१) मा जेसुकै लेखिएतापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नु पर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सिमान्तकृत वर्गका छात्र छात्रालाईलागि दिईने छात्रबृत्तिका आधार र प्रतिशत, शिक्षक तथा कर्मचारिहरुको सेवा, शर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा संस्थागत विद्यालयहरुको संगठन को समेत सहभागिता एवं राय परामर्श लिई निर्णय गर्नुपर्नेछ ।

**१२. प्रमुख प्रशासकीयअधिकृतको काम, कर्तव्य र अधिकारः-**

ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने /गराउने,

(ख) गाउँकार्यसम्पादन नियमावलिमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धि कार्य गर्ने,

(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(घ) कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धि कार्य गर्ने ,

(ङ) गाउँको उत्कृष्ट शैक्षिक उपलब्धि का लागि शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गर्ने र सो उपलब्धीपूर्ण रहे नरहेको निरन्तर अनुगमन गर्ने ,

(च) विद्यालयहरुको लेखा परीक्षणको व्यवस्था मिलाउने ,

(छ) शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँपालिकामा पेश गर्नु पर्ने भए सो गर्ने ,

**१३.गाउँ शिक्षा अधिकृतः-**

ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँशिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँकार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँपालिकामा पेश गर्नु पर्ने भए प्रमुख प्रशासकिय अधिकृत मार्फत पेश गर्ने ,

(ग) शिक्षा सम्बन्धी गाउँ गाउँस्तरीय योजना वनाई कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,

(घ) स्थानीय तहको शिक्षाको अवस्था, प्रगति आदि समेटिएको शिक्षा सम्वन्धी स्थितिपत्र तयार गरी प्रत्येक वर्षको चैत्र मसान्त भित्र प्रकाशित गर्ने,

(ङ) स्वीकृत अनौपचारिक शिक्षा, विशेष आवश्यकता शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने,

(च) विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को समुदायिक विद्यालयमा मिलान गर्ने शिक्षा समितिमा सिफारिश गर्ने,

(छ) स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

(ज) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिमको संचालन गर्ने,

(झ) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा संचालन समितिको सदस्य सचिव भइ कार्य गर्ने,

(ञ) विद्यालयको कक्षा ५ तथा ८ को परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाई जाँच , विद्यालयमा शिक्षाको गुणस्तर बृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक काम गर्ने,

(ट) गाउँपालिका भित्र रहेका कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा संस्थागत विद्यालयहरुको शैक्षिक कार्य योजनाको समन्वय र अनुगमन गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने

(ठ) ऐन तथा यस नियमावली बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार गर्नु वा विद्यालय बन्द गर्नु पर्ने भएमा तत् सम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाउने ,

(ड) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको लागि रजिष्ट्रेशन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानून बमोजिम संशोधन गर्ने,

(ढ) नियुक्ति वा बढुवाको लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने,

(ण) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

(त) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी त्यसको विवरण आयोगमा पठाउने,

(थ) विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रको निरीक्षण गर्ने, गराउने,

(द) मन्त्रालयले तोकिदिए बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयहरूको समूह विभाजन गरी स्रोत केन्द्र निर्धारण गर्ने र स्रोत केन्दबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने,

(ध) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा, माध्यामिक शिक्षा परीक्षा र आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने,

(न) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक सत्रको सुरुमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(प) निरीक्षकलाई विद्यालय निरीक्षणको सुचक वनाई निरिक्षण गर्न पठाउने र निरीक्षकले विद्यालय निरीक्षण गरे नगरेको यकिन गर्न स्थलगत निरीक्षण गर्ने,

(फ) गाउँपालिकावाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने .

(ब) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

(भ) विद्यालयमा लागू गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र निःशुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

(म) लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र वेरुजु फर्छ्यौट गर्न लगाउने,

(य) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

(र) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

(ल) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने,

(व) विद्यालय निरीक्षक र स्रोत व्यक्तिले दिएको निरीक्षण प्रतिवेदन उपर कारबाही गर्ने

(श) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,

(ष) सामुदायिक विद्यालयको स्वीकृत, रिक्त दरवन्दीमा पदपूर्तिको लागि आयोगमा लेखी पठाउने,

(स) कार्यपालिकाबाट स्वीकृत मापदण्डको आधारमा शिक्षकको सरुवा तयारी गर्ने,

(ह) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षकलाई विद्यालय समय बाहेक वा विद्यालयको नियमित पठन पाठनमा असर नगर्ने गरी अतिरिक्त समयमा अन्यत्र कार्य गर्न पूर्व स्वीकृति प्रदान गर्ने,

(क्ष) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ,प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कार–तथा दण्डका लागि कार्यपालिका समक्ष सिफारिश गर्ने ,

(त्र) निजी, धार्मिक तथा गुठी बिद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि कार्यपालिका समक्ष सिफारिश गर्ने ,

(ज्ञ) गाउँपालिका, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्वन्धित आयोगहरुबाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने ,

१३.(ख) स्रोत व्यक्तिको : ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त देहाय बमोजिमका काम, कर्तव्य र अधिकार हुनेछन् :

(क) प्रत्येक महिनामा कम्तिमा नगरका १० विद्यालयको स्थलगत अनुगमन गरी कम्तिमा २ वटा नमूना पाठ प्रदर्शन गर्ने । अनुगमन गर्ने क्रममा शिक्षक, प्र.अ. र व्यवस्थापन समिति संग छलफल गरी छलफलमा भएको कुरा र अनुगमन सम्बन्धी व्यहोरा अनुगमन पुस्तिकामा जनाउने तथा जनाउन लगाउने ।

(ख) ऐन बमोजिम विद्यालय नियमित रुपले संचलान भए नभएको, त्यस्तो विद्यालयमा भौतिक साधन सुरक्षित विद्यालय अनुरुप भए नभएको, शिक्षक पर्याप्त भए नभएको, उपलब्ध साधनको अधिकतम सदुपयोग भए, नभएको र निर्धारित स्तर बमोजिम पठन पाठन भए नभएको र समग्र शैक्षिक गुणस्तर कायम भए नभएको सम्बन्धमा प्रधानाध्यापक, शिक्षक अभिभावक संघ र शिक्षकसँग विचार विमर्श गरी सो अनुरुप भएको नदेखिएमा सुधार गर्न लगाउने,

(ग) विद्यालय अनुगमन तथा मासिक रुपमा सम्पादन गरेका कार्यकलापको प्रतिवेदन शिक्षा अधिकृत तथा निरीक्षक समक्ष पेश गरी प्राप्त निर्देशन बमोजिम गर्ने ।

(घ) विद्यालयको विकासको लागि व्यवस्थापन समिति तथा सरोकावालाहरुसँग सम्पर्क तथा आवश्यक सरसल्लाह र अन्तरक्रिया गर्ने ।

ङ) नमुना शिक्षण गर्ने प्रयोजनको लागि निरीक्षण क्षेत्रभित्रको रोष्टर (समुह) तयार गर्ने र समय समयमा प्रधानाध्यापक सहित शिक्षकको बैठक बोलाई शिक्षण गर्ने विषयमा देखिएका समस्या समाधानको लागि आवश्यक काम गर्ने ।

(च) शिक्षक तथा विद्यालय कर्मचारीको कार्य क्षमताको मुल्याङ्कन गरी त्यसको अभिलेख शिक्षा शाखामा उपलब्ध गराउने ।

(ज) परीक्षा समितिको निर्देशन बमोजिम परीक्षा सञ्चालन गर्ने, गराउने,

(झ) विद्यालयको शैक्षिक तथा आर्थिक अभिलेख दुरुस्त भए नभएको निरीक्षण गर्ने, गराउने,

(ञ) आफ्नो क्षेत्र भित्रका शैक्षिक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी शिक्षा शाखामा पठाउने,

(ट) व्यवस्थापन समितिको बैठक नियमित रुपले बसे नबसेको जाँचबुझ गरी नबसेको भए बैठक बोलाउन प्रधानाध्यापकलाई निर्देशन दिने,

ठ) विद्यालय सञ्चालन सम्बन्धमा प्रधानाध्यापक तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(ड) शिक्षकहरुको संचित विदा प्रमाणितका लागि सिफारिस गर्ने,

(ढ) आफनो क्षेत्रभित्र सञ्चालन गारिएका अनैपचारिक शिक्षा, विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रमको नियमित रुपमा निरीक्षण तथा अनुगमन गरी स्थानीय शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने,

(ण) निजी, धार्मिक तथा गुठी विद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउन र तदनुसार पुरस्कार र दण्डको लागि शिक्षा अधिकृत समक्ष सिफारिस गर्ने,

(त) आजीवन शिक्षा र सीप शिक्षाको उचित प्रवन्ध गर्ने गराउने,

(थ) गाउँ प्रमुख, शिक्षा अधिकृत निरीक्षकले तोके बमोजिम थप कार्य गर्ने, गराउने,

(द) नयाँ विद्यालय खोल्ने, कक्षा थप तथा तह थप सम्बन्धी निवेदन पेश गरेमा विद्यालयको स्थलगत अनुगमन गरी मापदण्ड तथा पूर्वाधार पुरा भए नभएको अवस्था शिक्षा अधिकृत /निरीक्षक समक्ष सिफारिस पेश गर्ने,

(ध) प्रत्येक विद्यालयमा सामाजिक परीक्षण, विद्यालय सुधार योजना, वार्षिक कार्यान्वयन योजना, निमार्ण तथा अध्यावधिक गर्ने कार्यमा अनुगमन गरी प्राविधिक सहयोग गर्ने ।

(न) विद्यालयको वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गर्न लगाई तथा अत्तिरिक्त कृयाकलाप सञ्चालनको अनुगमन गर्ने ।

(प) विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम संचालन गर्ने,

**१४. गाउँशिक्षा अनुगमन समितिः-**

१.विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय वमोजिम शिक्षा अनुगमन समितिगठन हुनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ग) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(घ) गाउँपालिका अध्यक्षले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक -सदस्य

(ङ) स्रोत व्यक्ति -सदस्य

(च) शिक्षा अधिकृत -सदस्य सचिव

२.शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः-शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१५. सामुदायिक सिकाई केन्द्रः-**

गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्रसञ्चालन गर्न सक्नेछ ।

**१६. अध्यापन अनुमतिपत्रः-**

विद्यालयमा नियुक्त हुनतोकिए वमोजिमको अध्यापन अनुमतिपत्र लिएका व्यक्ति मात्र शिक्षक पदमा उम्मेदवार हुन योग्य हुनेछन् ।

**१७. अनुदानको व्यवस्थाः-**

(क) यो ऐनप्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको मापदण्डको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयलेतोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिंइदै आएको अनुदान रकममातोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(ख) गाउँपालिकाले सामुदायिक विद्यालयहरूलाई तोकिए बमोजिम शर्त पूरा गरेमा थप अनुदान उपलब्ध गराउन सक्नेछ।

**१८. छात्रवृत्तिको व्यवस्थाः-**

गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

**१९.. प्रारम्भिक बाल शिक्षासम्बन्धी व्यवस्थाः-**

प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदानः-**

गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको आधारमा अनुदान रकम दिन सक्नेछ ।

**२१.. विद्यालय व्यवस्थापन समितिः-**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमनगर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समितिरहनेछः-

(क) अभिभावक बाट छनोट भई आएका कम्तीमा दुई जना महिला सहित चार जना-सदस्य

(ख) विद्यालयको सम्बन्धित वडा समिती बाट सिफरिस गरेको एक जना-सदस्य

(ग) उपदफा १ को खण्ड क र ख बाट विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेखनीय सहयोग गरेका व्यक्तिहरू मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको एक जना महिला सहित दुई जना -सदस्य

(घ) उपदफा १ को खण्ड क,ख र ग बाट छनोट भएका सात जना पदाधिकारीहरुले आफूहरु मध्येबाटछनोट गरेको एक जना पदाधिकारी- अध्यक्ष

(ङ) विद्यालयका शिक्षकहरुमध्येबाट छानी पठाएकोएकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्यसचिव

(२) सम्बन्धित वडाका वडा अध्यक्षलाईविद्यालय व्यवस्थापन समितिको बैठकमा अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ।

(३) विद्यालयस्तरीय बालक्लवले मनोनयन गरेका एक जना बालक्लवका प्रतिनिधी आमन्त्रित सदस्यको रूपमा रहनेछन् ।

(४) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालयव्यवस्थापन समितिमा गाउँपालिकाक्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग गाउँस्तरका उद्योग तथा वाणिज्य संघका दुई जना प्रतिनिधी सदस्य रहनेछन् ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरूविषेश क्षमता भएका विद्यार्थीको अभिभावकहरू सदस्य रहनेछन् ।

(६) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिकोगठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमावा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गाउँशिक्षा समितिले गर्न सक्नेछ ।

(७) यस ऐनमा व्यवस्था भएको वि.व्य.स. गठन गर्नका लागि विद्यालयले २ पटक सम्म अभिभावक भेला बोलाइ प्रकृया अगाडि वढाउदा पनि समिति गठन कार्य हुन नसकेमा सम्बन्धित वडाको वडा अध्यक्षलाई वढीमा १ वर्षका लागि वि.व्य.स. अध्यक्षमा कामकाज गर्नका लागि गाउँपालिकाबाट विद्यालयलाई जानकारी पत्रसहित खटाउने र बाकी सदस्यहरु वडा समितिको र विद्यलाय प्र.अ. शिक्षक प्रतिनिधि सहित वाकी सदस्य छनौट गर्ने ।

(७) व्यवस्थापन समिति गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येकविद्यालयमा देहायकासदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँपालिका अध्यक्ष बाट मनोनित भएका एक जना -अध्यक्ष

(ख) विद्यालय रहेको सम्बन्धित वडाका वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी, समाजसेवी र लगानीकर्ताहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना सदस्य -सदस्य

(घ) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापनसमितिले मनोनित गरेको एकजना -सदस्य

(ङ) स्रोत व्यक्ति -सदस्य

(च) निरीक्षक वा निरीक्षकको काम गर्न तोकिएको व्यक्ति -सदस्य

(छ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना प्रतिनिधि -सदस्य

(ज) विद्यालयको प्रधानाध्यापक वा विद्यालय प्रवन्ध निर्देशक -सदस्यसचिव

(२) सम्बन्धित वडाका वडा अध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा अनिवार्य आमन्त्रितगर्नु पर्ने छ।

(९) यस दफा बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यहरुको पदावधि तीनवर्षको हुनेछ ।

(१०)सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालनगर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न धार्मिक वासाम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने,

(छ) विद्यालयमा आवश्यक पर्ने अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिमशिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षक काममा लगाउने,

(ज) गाउँपालिकावाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसकोप्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिम विद्यालय सञ्चालन गर्ने र पठनपाठन गर्ने, गराउने,

(ठ) गाउँशिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ती वा बढुवा गरेका शिक्षककोलागि सेवा, शर्त र सुविधा तोक्ने ।

ढ) विद्यालयले गरेकावार्षिक क्रियाकलापको सामाजिक परीक्षण गराउने ।

ण) विद्यालयको शैक्षिक गुणस्तर एवं भौतिक पूर्वाधार विकासका लागि कार्ययोजना बनाई पेश गर्ने ।

(त) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

(११) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारदेहायबमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार,गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्यरूपमा लागू गर्ने,पाठ्यक्रमलाई सहयोग पुग्ने खालका स्वीकृत सन्दर्भ स्रोत सामग्री प्रयोग गर्ने,

(च) तोकिए बमोजिम विद्यालय सञ्चालन र पठनपाठन गर्ने, गराउने,

(छ) प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवारहुन योग्यता पूरा गरेका व्यक्तिलाई विज्ञापन गरी प्रतिस्पर्धाका आधारमाशिक्षक पदमा नियुक्ति गर्ने,

(ज) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(झ) आचारसंहिता विपरित कार्य गर्ने शिक्षक/कर्मचारीलाई कारबाही गर्ने,

(ञ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्तगाउँपालिकावाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सवै नियम, नीति तथा निर्देशनहरूकोपालना गर्ने,

(ट) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख रव्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ठ) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

(१२) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धीकार्यविधि तोकिएबमोजिम हुनेछ ।

(१३) सहकारी विद्यालय व्यवस्थापन समितिको गठन, काम कतर्व्य अधिकार तोकिए बमोजिम हुनेछ ।

**२२. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः-**

(क) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहितशिक्षा अनुगमन समितिमार्फतगाउँ शिक्षा समितिमा पेश भएमागाउँ शिक्षा समितिले उक्त प्रतिवेदन उपर छानविन गर्नेछ । गाउँ शिक्षा समितिको छानविनले समेत ताकिएको जिम्मेवारी पुरा गर्न नसकेको निष्कर्ष निकालेमा गाउँ शिक्षा समितिले गाउँ कार्यपालिका समक्ष उक्त विद्यालय व्यवस्थापन समिति विघटन गर्न सिफारिस गर्नेछ ।गाउँपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रकृया पुर्‍याईविघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नोसफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालयव्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठननभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले वडा शिक्षा समितीलाई वा एक अस्थायी विद्यालयव्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**२३. विद्यालयको विनियमावली**

(क) यो ऐनर प्रचलित कानूनको अधीनमा रही प्रत्येक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको संस्थागत विद्यालयले विधान र सामुदायिक विद्यालयले विनियमावली बनाई लागू गर्नु पर्नेछ ।

(ख) अभिभावक सभाले विधान/विनियमावली आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ तर संस्थागत विद्यालयको हकमा शिक्षा ऐन, कम्पनी ऐन तथा गुठीसँग नबाझिने गरी संचालक, लगानीकर्ताहरुको सभाले विधानसंसोधन गर्न सक्नेछ ।

(ग) विधान/विनियमावली अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति,प्रधानाध्यापक/प्रवन्धक लगायत अन्यसबैको कर्तव्य हुनेछ ।

(घ) अध्यावधिक विधान/विनियमावलीको प्रमाणित प्रतिलिपि पारित भएको मितिबाट १५ दिनभित्र व्यवस्थापन समितिलेगाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ङ) विद्यालयको विधान/विनियमावली सार्वजनिक दस्तावेज हुनेछ र सो दस्तावेज सबैले हेर्न पाउनु पर्नेछ ।

**२४. वडा शिक्षा समितिः-**

(१) गाउँका वडाभित्रका विद्यालयहरुको रेखदेख, संरक्षण, संवर्द्धन, नियमन गर्न वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

(क) गाउँपालिकाका सम्वन्धित वडाका वडा अध्यक्ष -अध्यक्ष/संरक्षक

(ख) वडा समितिका सदस्यहरूमध्येबाट वडा समितिले तोकेको एक जना महिला -सदस्य

(ग) सामुदायिक र संस्थागत विद्यालयको सम्बन्धित संगठनवाट तोकी पठाएकाशिक्षकहरूमध्येबाट एक जना महिला सहित वडा समितिवाट छनौट भएका दुई जना -सदस्य

(घ) सामुदायिकर संस्थागत विद्यालय दुवैवाट प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्ये वडा समितिले तोकेको दुई जना -सदस्य

(ङ) वडाको उच्चतम विद्यालयको प्र.अ. -सदस्य

(च) वडा सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**२५. गाउँपालिका शिक्षा विकास कोषः-**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमाशैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँस्तरमा एक गाउँ शिक्षा विकास कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) गाउँपालिकामा स्थापित शैक्षिक विकास कोषको रकम,

(ङ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूलआम्दानीमध्ये तोकिएबमोजिमको रकम,

(च) दान, दातव्य, पुरस्कार र सहयोगबाट प्राप्त रकम,

(छ) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

(ज) दातृ निकायबाट प्राप्त रकम

(झ) अन्य स्रोतबाट प्राप्त रकम ।

**२६. कोष सञ्चालक समितिः-**

(क) कोषसञ्चालकसमिति तोकिए बमोजिम हुनेछ ।

(ख) उपदफा (क) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(ग) कोषको सञ्चालन प्रचलित कानुन बमोजिम हुनेछ ।

**२७. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकमसो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,
(ख)गाउँपालिकका शिक्षा कोषबाट प्राप्त अनुदान,
(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,
(घ) दान दातव्यबाट प्राप्त रकम र
(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षणतोकिए बमोजिम हुनेछ ।

**२८.गाउँपालिकाले निर्देशन दिन सक्नेः-**

(क) गाउँपालिकाले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू दिन सक्नेछ।

(ख) उपदफा (क) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिकोकर्तव्य

हुनेछ ।

**२९. गाउँ कार्यपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः-**

गाउँ कार्यपालिकालेस्वीकृत मापदण्डको आधारमागाउँपालिका क्षेत्रभित्र हाल सञ्चालनमा रहेका कुनैविद्यालयलाई विद्यार्थी संख्या, सेवा क्षेत्रको जनसंख्या, संवन्धित विद्यालयहरुको सहमति र स्वीकृतिको आधारमा एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभीएउटा विद्यालय कायम गर्न, वा कुनै विद्यालयको कुनै तह हटाउन वा कुनै कक्षाको संचालन अनुमति रद्ध गर्न वा विद्यालयको नामपरिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ ।

**३०. विद्यालयको सम्पत्तिः-**

(क) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यसऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिकविद्यालयको सम्पत्ति गाउँ शिक्षा समितिको निर्णयअनुसार व्यवस्थापन हुनेछ ।

(ख) शैक्षिक गुठी र सहकारी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममारहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठी वा सहकारी विद्यालयको रूपमा सञ्चालन गरिएकोमा त्यस्तोविद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइनेछैन ।

(ग) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(घ) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमकोचल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिको अनुमति लिनु पर्नेछ। तर विदेशी व्यक्ति वासंघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघिगाउँपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(ङ) नेपाल सरकारको वागाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको/गाउँपालिकाको स्वीकृति बेगरबेचबिखन गर्न पाइने छैन ।

**३२. अनुमति वा स्वीकृति रद्द गर्नेः-**

कुनै संस्थागत विद्यालयले यो ऐनवा यस ऐन अन्तर्गत बनेकोनियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले तोकिएको प्रक्रिया पूरा गरी त्यस्तो विद्यालयलाई प्रदान गरिएकोअनुमति वा स्वीकृति रद्द गर्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धितविद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३३. विद्यालयको वर्गीकरणः-**

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**३४. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्नेः-**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथामापदण्ड तोकिए वमोजिम हुनेछ ।

**३५. शुल्कसम्बन्धी व्यवस्थाः-**

(क) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक वा धार्मिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले दान, उपहार, वा सहयोग सामुदायिक विद्यालयलाई दिनसक्नेछ ।

(ग) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्थागर्नेछ ।

(घ) उपदफा (क) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय बाहेकको अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(ङ) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनःसोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाउने छैन तर अरु शुल्क तोकिए बमोजिम हुनेछ ।

(च) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमकोशुल्क लिन पाउने छैन।

(छ) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण तोकिएबमोजिम हुनेछ ।

(ज) सहकारी विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण तोकिए बमोजिम हुनेछ

(झ) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई उक्त शुल्क फिर्ता गराई गाउँपालिका प्रमुखले एक लाख रूपैयाँसम्मजरिवाना गर्न सक्नेछ ।

**३६. शिक्षकको पेशागत महासंघसम्बन्धी व्यवस्थाः**

सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न गाउँ क्षेत्रभित्र तोकिएबमोजिमको साझा संगठनको रुपमा एक शिक्षक महासंघ रहनेछ ।

**३७. शिक्षक तथा कर्मचारीको पदीय आचारणसम्बन्धी व्यवस्थाः**

(१) शिक्षक वा कर्मचारीलाई देहायको अवस्थामा तोकिएको अवस्था पुरा गरी नियुक्ति गर्ने अधिकृतले हटाउन सक्नेछ।

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक/मदिराजन्यपदार्थसेवन गरी आएको प्रमाणित भएमा वा विद्यालयभित्र सूर्तीजन्य पदार्थ सेवन गरेमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) भ्रष्टचारजन्य अपराध गरेको प्रमाणित भएमा ।

(च) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वाकाम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(छ) शिक्षक वा कर्मचारीहरूले व्यवसायिक हक हितका नाममा अमूक राजनैतिकदलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमासंलग्न भएमा ।

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्नेपर्याप्त प्रमाण प्राप्त भएमा तोकिएको अधिकारीले निजलाई पदबाट हटाउन सक्नेछ । तरकार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिनेछ ।

**३८. स्थायी आवासीय अनुमति लिन नहुनेः-**

सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक वा कर्मचारीहरूलेकुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदनदिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाईदिइने दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**३९. शैक्षिक योग्यताः-**

विद्यालयको शिक्षकको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**४०. शिक्षक विद्यार्थीको अनुपातः-**

गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययनगर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायमहुनेछ ।

**४१.शिक्षकलाई अन्य काममा लगाउन नहुनेः-**

(क) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्नेवा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्नेगरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार रगाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**४२. निलम्बन तथा पुनः बहाली हुन सक्ने :-**

(क) दफा ३७ मा उल्लेख भएका कुनै पनि कसुरमा सम्बन्धित अदालतमा अभियोग पत्र दायर भएमा स्वतः निलम्बन भएको मानिनेछ ।

(ख) दफा ३७मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वाबर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनःबहाली हुन सक्नेछ ।

(ग) उपदफा (ख) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मिति सम्म पूरा तलब, भत्ता र तलब वृद्धि समेत पाउनेछ ।

**४३. शिक्षकको नियुक्ति र सरूवाः-**

(क) विद्यालयमा रिक्त दरवन्दी तथा राहत दरवन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्थातोकिए वमोजिम हुनेछ । स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय शिक्षक सेवा आयोग तथा प्रादेशिक शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(ख) सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिकाभित्रका कार्यरतविद्यालयको व्यवस्थापन समिति र सरूवा हुने विद्यालयको व्यवस्थापन समितिको सिफारिस र सम्बन्धित वडा शिक्षा समितिको सहमतिमा कक्षासञ्चालनमा बाधा नपर्ने गरी विषयगत दरवन्दी समेतको आधारमा गाउँशिक्षा समितिको निर्णय बमोजिमको प्रकृया अपनाई रिक्तदरवन्दीमा सरूवा गर्न सक्नेछ ।

(ग) उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ शिक्षा समितिले आवश्यक सम्झेमा गाउँक्षेत्र भित्रका विद्यालयका स्थायी, अस्थाई र राहत शिक्षक तथा कर्मचारीलाई सरुवा गर्न सक्नेछ ।

(घ) सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत् शिक्षकलाई गाउँपालिकाभित्रका कार्यरतविद्यालयको व्यवस्थापन समितिको सिफारिस र सम्बन्धित वडा शिक्षा समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँपालिकालेअर्को स्थानीयतहमा सरूवाको लागि सहमति दिन सक्नेछ ।

(ङ) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा शिक्षा अधिकृतको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतलेअस्थायी करार/राहत शिक्षक तथा कर्मचारीको विज्ञापनको अनुमति दिन सक्नेछ ।

**४४. दरवन्दी मिलानः-**

तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कमदरबन्दी भएको विद्यालयमा गाउँ शिक्षा समितिले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सक्नेछन् ।

**४५. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः-**

(क) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमानघट्ने गरी तोकिएबमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित,जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको अध्यक्ष,विद्यालयकोप्रधानाध्यापक, शिक्षा अधिकृत वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(ग) समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापनसमितिबाट स्वीकृत गराई सार्वजनिक गरी छात्रवृत्तिउपलब्ध गराउनु पर्नेछ ।

(घ) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४६. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः-**

दफा ४२ मा उल्लेखित अवस्थामा वानियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकलेअनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधी निजको सेवामा समेत गणना हुनेछैन ।

**४७. प्रधानाध्यापक तथा कर्मचारीसम्बन्धी व्यवस्थाः**

(क) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(ख) उपदफा (क) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धीव्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४८. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः-**

(क) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(ख) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्नपाइने छैन ।

**४९. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः-**

(क) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षणकक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्नपाउने छैन ।

(ख) उपदफा (क) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षावा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्नअनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५०. प्रगति विवरण बुझाउनु पर्ने :-**

विद्यालयले प्रत्येक बार्षिक तथा चौमाशिक रुपमा तोकिए बमोजिमका विवरणसहितको प्रगति विवरण गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

**५१. लेखा र लेखापरिक्षणः-**

विद्यालयले प्रचलित कानूनको अधिनमा रही लेखा राख्नुपर्नेछ । आन्तरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखाबाट हुनेछ भने अन्तिम लेखा परिक्षण तोकिए बमोजिम हुनेछ ।

**५२.पुरस्कार तथा दण्ड सजायः-**

**(क) पुरस्कारः**

(१) गाउँपालिकाले प्रत्येक वर्ष गाउँभित्रका उत्कृष्ट विद्यालय, विद्यार्थी,शिक्षक, कर्मचारी र समितिलाई सम्मान र पुरस्कार दिन सक्नेछ ।

(२) गाउँपालिकाले शिक्षक, कर्मचारीलाई कार्यसम्पादनको आधारमा थपसुविधादिन सक्ने छ ।

**(ख) दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई गाउँ प्रमुखले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तोव्यक्तिलाई तोकिएको अधिकारीले कसुरको मात्रा हेरी एकलाख रूपैयाँ सम्म जरिवाना वा ६ महिना सम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेशगरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षणकक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) कानून विपरीतको अन्य कार्य गरेमा,

(३) कानुन बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दाहेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दादायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारीअदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

**५३. मुद्धा हेर्ने अधिकारीः-**

यो ऐन वा यस ऐन अन्तरगत वनेको नियम बमोजिम सजाय गर्ने अधिकार गाउँपालिका प्रमुखलाई हुनेछ ।

**५४. पुनरावेदनः-**

गाउँपालिका प्रमुखले गरेको सजायको आदेशउपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदनलाग्नेछ ।

**५५. नियम बनाउने अधिकारः-**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(ख) यस ऐनको कार्यान्वयनको लागि गाउँशिक्षा समितिले आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्नसक्नेछ।

**५६.गाउँकार्यपालिकाले आवश्यक कार्य गर्न सक्ने**

यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावलीमा व्यवस्था नभएसम्म गाउँकार्यपालिकाले व्यवस्था गरे बमोजिम हुनेछ ।

**५७.सबैको कर्तव्य हुने**

यस ऐन वा यस ऐन अन्तरगतबनेका नियमहरुको पालना गर्नु यस गाउँपालिका अन्तरगतका सबै विद्यालयहरुको कर्तव्य हुनेछ ।

**५८.संसोधन वा खारेज गर्न सकिने**

यस ऐनमा उल्लेखित दफामा संसोधन वा खारेज गर्नुपर्ने भएमा कार्यपालिकाको सिफारिसमा गाउँसभाले संसोधन वा खारेज गर्न सक्नेछ ।

**५९. बाधा अडकाउ फुकाउने अधिकारः**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउपरेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसैऐनमा परे सरह मानिनेछ ।

(ख) यो ऐन प्रारम्भ हुदा कायम रहेका वा रिक्त भएका विद्यालय व्यवस्थापन समितिले यो ऐनजारी भएको तीन महिना भित्रमा यसै ऐन बमोजिम पुर्नगठन वा नया समिति गठन गर्नुपर्नेछ । यदि सो बमोजिम गठन नगरेमा उक्त विद्यालय व्यवस्थापन समिति स्वतः निस्क्रिय भएको मानिनेछ ।

**६०. बचाउँ र लागू नहुनेः**

(क) यो ऐनवा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम रनलेखिएको कुरामा प्रचलितकानून बमोजिम हुनेछ ।

(ख) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमाभ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन ।

(ग) संविधान, संघीय कानून र प्रदेश कानून सँग बाँझिएका यस ऐनका दफा तथा उपदफाहरू वाँझिएको हदसम्म स्वतःनिस्कृय हुनेछ ।

(घ) साझा अधिकारका सम्वन्धमा संघीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐनले व्यवस्था गरे अनुसार हुनेछ ।

(ङ) यस अघि कानुन वमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएकोसुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन वमोजिम दण्ड, सजाय रकारवाही गर्न वाधा पुगेको मानिने छैन ।

आज्ञाले,
नामः वनारसी प्रसाद हरिजन
प्रमुख प्रशासकीय अधिकृत